# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०९ | काठमाडौं | शुक्रबार, २६ फागुन २०७९ | Prabhab National Daily | Friday, March 10, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसद्‌मा दर्ता

**काठमाडौं (प्रस)–** सरकारले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने लक्ष्यका साथ संक्रमणकालीन न्यायसँग जोडिएका दुई विधेयक संघीय संसद्‌मा दर्ता गराएको छ । बिहीबार बिहान बसेको मन्त्रिपरिषद्‌को बैठकले गरेको निर्णयअनुसार संसद्‌मा विधेयक दर्ता गराएको हो ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्‌को बैठकले शान्ति प्रक्रियाका कामलाई यथाशीघ्र अगाडि बढाउने लक्ष्यका साथ ती महत्त्वपूर्ण विधेयक अगाडि बढाउने निर्णय गरेको थियो । मन्त्रिपरिषद्‌को उक्त निर्णयबमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक बिहीबार नै प्रतिनिधिसभामा दर्ता गराएको छ । यसअघि अघिल्लो सरकारले समेत सो विधेयक अगाडि बढाएको थियो । संघीय संसद्‌को कार्यकाल समाप्त भएपछि ती विधेयक निस्क्रिय भएका थिए ।

द्वन्द्वकालीन मुद्दा अदालतमा पुगेपछि सरकारले विधेयक संसद्‌मा दर्ता गराएको हो । प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालविरुद्ध सर्वोच्च अदालतमा द्वन्द्वकालीन मुद्दामा रिट दर्ता भएको छ । त्यसपछि सरकारले संक्रमणकालीन न्यायलाई छिटो टुंग्याउने दाबी गर्दै आएको छ । सत्ता गठबन्धनका दलहरूले पनि द्वन्द्वकालीन मुद्दा संक्रमणकालीन न्याय पद्धतिबाटै टुंग्याउनुपर्नेमा जोड दिँदै आएका छन् ।

संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउने भन्दै २०७१ माघमासत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएका थिए । अहिले दुवै आयोग पदाधिकारीविहीन भई करिब निष्क्रिय अवस्थामा छन् । दुई आयोग स्थापना भएको आठ वर्ष बित्दा पीडितबाट उजुरी संकलनको काम मात्र गरेका छन् । सत्य निरूपण आयोगमा करिब ६२ हजार र बेपत्ता आयोगमा करिब दुई हजार ५०० उजुरी संकलन भएका छन् ।

सरकारले बिहीबार दर्ता गरेको विधेयकमा यसअघिको विधेयकमा भएका केही विषय परिवर्तन गरिएको पाइएको छ । विधेयकमा अझै पनि गम्भीर मानव अधिकार हनन र मानव अधिकार हनन भनेर अलग-अलग राखिएको (बाँकी पृष्ठ २ मा)

# पौडेल बने तेस्रो राष्ट्रपति



### कसको पक्षमा कति



रामचन्द्र पौडेल

**मतभार : ३३,८०२**
संघीय सांसद : २१४
प्रदेश सांसद : ३५२

**मतभार : १५,५१८**
संघीय सांसद : ९८
प्रदेश सांसद : १६२



सुवासचन्द्र नेम्बाङ

**मतदानमा सहभागी**
संघीय सांसद - ३१३ जना
प्रदेश सांसद - ५१८ जना

**तटस्थ**
राप्रपा - ४२ जना
नेमकिपा - ३ जना

सांसदहरु चन्द्र भण्डारी र वर्षमान पुन अस्वस्थ, लक्ष्मी महतो कोइरी अनुपस्थित

■ **जेबी योञ्जन**

**काठमाडौं–** राजनीतिक जीवनको सुरुआती चरणमा कम्युनिस्ट भएका कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति निर्वाचित भएका छन् । उनले नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङलाई बिहीबार भएको निर्वाचनमा दोब्बरभन्दा बढी मतले पराजित गरे ।

प्रजातान्त्रिक र लोकतान्त्रिक आन्दोलनमा छ दशक लामो लडाइँ लडेका पौडेल संवैधानिक राष्ट्रपतिका रूपमा पहिलो चरणमै निर्वाचित भएका हुन् । राष्ट्रपति निर्वाचित भएसँगै निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उनलाई बिहीबार नै प्रमाणपत्र प्रदान गरे । अब उनले कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीबाट आगामी सोमबार पद तथा गोपनीयताको शपथ लिने छन् ।

त्यसअघि भने शुक्रबार आयोगले राष्ट्रपति निर्वाचनको मत परिणामसहितको प्रतिवेदन वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पेस गर्ने प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । उनका अनुसार राष्ट्रपतिमा निर्वाचित भएका पौडेलले ३३ हजार ८०२ मतभार प्राप्त गरे । उनलाई संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रिय सभा) का २१४ जना र प्रदेशसभाका ३५२ जना गरी ५६६ जना निर्वाचकमण्डलले मतदान गरे ।

एमाले उम्मेदवार नेम्बाङले निर्वाचनमा १५ हजार ५१८ मतभार पाए । उनलाई (बाँकी पृष्ठ २ मा)

## को हुन् नवनिर्वाचित राष्ट्रपति पौडेल ?

(पृष्ठ ४ मा)

## 'संवैधानिक जिम्मेवारीमा प्रतिबद्ध रहन्छु'

**काठमाडौं (प्रस)–** नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले 'राष्ट्रपति-संस्था'ले निर्वाह गर्ने भूमिकाले संविधान र शासन व्यवस्थाको अभ्यास प्रभावित हुनेमा सचेत रही निर्दिष्ट कार्यसम्पादन गर्दा निष्पक्षता, तटस्थता तथा विधिको पालनामा प्रतिबद्ध रहने प्रण गरेका छन् ।

राष्ट्रपतिमा निर्वाचित भएपछि उनले सबैमा आभार प्रकट गर्दै राष्ट्रपतिका काम, कर्तव्य तथा जिम्मेवारी वहन गर्दा संविधानप्रदत्त मर्यादा तथा संविधानका अक्षर र भावनालाई आत्मसात गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने राष्ट्रिय अभियानमा सरिक हुन सदैव तत्पर रहने प्रतिज्ञा गरे । उनले भनेका छन्, 'नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन, स्वाधीनताको रक्षा, संविधानको पालना र संरक्षण गर्ने संवैधानिक जिम्मेवारी नै मेरा मार्गनिर्देशक सिद्धान्त रहने छन् ।' (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

## मलेसिया जाने कामदारले बुस्टर डोज लगाउनु नपर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसिया सरकारले रोजगकारीका लागि आउने विदेशी कामदारलाई कोभिड-१९ विरुद्धको बुस्टर डोज खोप अनिवार्य लगाउनु नपर्ने जनाएको छ । त्यहाँको स्वास्थ्य मन्त्रालयले बुस्टर डोज खोपबारे प्रस्ट पार्दै रोजगारीका लागि आउने विदेशी कामदारलाई बुस्टर डोज बाध्यकारी र अनिवार्य नभएको जनाएको हो । मन्त्रालयले बुस्टर डोज जो कसैले लगाउनु उपयुक्त भए पनि बाध्य नपार्न रोजगारदाताहरूलाई समेत आग्रह गरेको छ । मलेसियाको प्रतिष्ठित सञ्चारमाध्यम 'द स्टार'का अनुसार मलेसियाको एक कम्पनीले कोभिड-१९ विरुद्धको खोपको म्याद सकिन लागेपछि विदेशी कामदारलाई पुनः खोप लगाउन निर्देशन दिएको सार्वजनिक भएपछि मन्त्रालयबाट उक्त भनाइ आएको हो । सरकारको यस निर्णयले थुप्रै रोजगारदातालाई राहत मिलेको बताइएको छ । यसअघि कामदारलाई बुस्टर डोज खोप लगाउन बाध्य पारिएको र यसको खर्च रोजगारदाताले भुक्तानी गर्नुपर्ने भएपछि रोजगारदाताहरू त्यसको विरोधमा उभिएका थिए ।

मलेसियाका रोजगारदाताहरूको संगठनले पनि रोजगारीका लागि आउने श्रमिकले आफ्नै मुलुकमा कोभिड विरुद्धको बुस्टर डोज लगाएर आउनुपर्ने र उनीहरूको खर्च रोजगारदाताले व्यहोर्न नसक्ने भन्दै विज्ञप्ति नै जारी गरेको थियो । अब सरकारको निर्णयअनुसार रोजगारदाताहरूको संगठन (एफएमएम)का अध्यक्ष डा. सैयद हुसैन सैयद हुसमानले कुनै पनि रोजगारदातालाई आफ्नो कम्पनीमा काम गर्ने विदेशी कामदारलाई कोभिड-१९ विरुद्धको बुस्टर डोज लगाउन बाध्य पार्न नपाइने बताएका छन् ।

## विदेशमा अलपत्र नेपालीको सहयोगी बन्दै सामी

**घोराही–** घोराही उपमहानगरपालिका-१५ की अनिसा घर्ती १३ वर्षअघि दुबई पुगेकी थिइन् । काम ठिकै थियो । कमाइले घरपरिवार धानेकै थियो । अघिल्लो वर्ष बिहान काम गर्न जाने बेलामा उनी दुर्घटनामा परेपछि उपचारका लागि एक वर्षसम्म अस्पतालको शयचामा बिताउनुपऱ्यो । त्यो बेलामा अनिसालाई स्वदेश फर्किन मन लागे पनि फर्किन वातावरण सहज भएन ।

उक्त घटनाबारे परिवारले जानकारी पाएकाले नेपाल ल्याउन पहल गरे पनि सकेनन् । अन्ततः वैदेशिक रोजगार बोर्डअन्तर्गत सुरक्षित आप्रवासन(सामी) कार्यक्रममार्फत उनलाई घरसम्म ल्याउने वातावरण बनाइएपछि केही महिनाअघि मात्रै अनिसा घर फर्किएकी थिइन् । वैदेशिक रोजगारीका क्रममा अनेक समस्या झेल्न बाध्य भएकाको उद्धारका लागि उक्त कार्यक्रमले निरन्तर पहल गर्दै आएको छ । विदेशमा अलपत्र परेका, मृत्यु भएका, बेसाहारा भएकालगायत विभिन्न समस्यामा परेका नेपालीलाई सामीले घरसम्म ल्याउन पैरवी गर्दै आएकाले श्रम बेच्न गएकाले राहत महसुस गर्न थालेका छन् ।

विदेशबाट कमाएर पठाएको रकमको सही उपयोग गराउन, उनीहरूको परिवारका सदस्यलाई उद्यमशीलता तथा मनोसामाजिक परामर्शका लागि पनि सामीले भूमिका निर्वाह गर्दै आएको छ ।

सामी कार्यक्रममार्फत २०७५ असारदेखि २०७९ को तेस्रो चरणसम्म आप्रवासी स्रोत केन्द्रमा दर्ता भएका ५०५ घटनामध्ये ३९८ वटा समाधान भएको ७३ वटा प्रक्रियामा रहेको र बाँकी ३४ वटा समाधान हुन नसकेका छन् । न्यायमा पहुँच पुऱ्याउने लक्ष्यका साथ गरिएको निःशुल्क कानुनी सहायताबाट सात करोड ८१ लाख ९९ हजार ५४१ रूपैयाँ सहायता उपलब्ध गराउन सफल भएको वैदेशिक रोजगार बोर्डका दाङ जिल्ला कार्यक्रम अधिकृत विष्णु अर्यालले जानकारी दिए ।

घोराही, तुलसीपुर उपमहानगरपालिका, लमही नगरपालिका र बबई गाउँपालिकाको सहकार्यमा उक्त कार्यक्रममा सञ्चालन भइरहेको छ । यो वर्षमा मात्रै निःशुल्क कानुनी सहयतामार्फत एक करोड ८३ लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउन सफल भएकोमा ठगीमा १०७, मृत्यु भएका २०, कारागारमा परेका १०, स्वास्थ्य समस्या भएका आठ, हराएका १५, अलपत्र परेका तीन र अन्य सात गरी १७० वटा समस्या निःशुल्क कानुनी सहायताका लागि निवेदन दर्ता भएका थिए ।

सो अवधिमा मात्रै आप्रवासी स्रोत केन्द्रमा १७० वटा उजुरी दर्ता भएकामा ६० वटाको समाधान भएको र ११० वटा प्रक्रियामा रहेको सामी कार्यक्रमले जनाएको छ । दाङ जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख वीरबहादुर वलीले वैदेशिक रोजगारमा जाने नेपाली ठगिने क्रम नरोकिएकाले यसलाई रोक्न प्रहरीसँगै सरोकारवाला निकाय सबैको सहयोग आवश्यक रहेको बताए ।

यसैगरी वैदेशिक रोजगारका क्रममा हुने मानव बेचबिखन तथा ठगी निवारण गर्न समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत जिल्लाभर सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइएको, वैदेशिक रोजगारको क्रममा हुने ठगी, मानव बेचबिखनजस्ता कार्यबाट आम सर्वसाधारणलाई सुरक्षित राख्न स्थानीय रेडियो तथा पत्रपत्रिकामा जानकारीमूलक सन्देश प्रसारण तथा प्रकाशित गर्ने गरिएको उनले जानकारी दिए । वैदेशिक रोजगारीका क्रममा हुने मानव बेचबिखन निवारणका लागि आपसमा प्रभावकारी समन्वय र सहकार्य गर्दै प्रचलित कानुनको परिधिभित्र रही सूचना आदानप्रदान गर्ने, वैदेशिक रोजगारीको क्रममा मानव बेचबिखनका जोखिमका क्षेत्र पहिल्याइ सोको निवारणका लागि आफ्ना कर्मचारीलाई सक्षम गराउँदै आवश्यकताअनुसार परिचालन गर्ने, रोजगारीका क्रममा मानव बेचविखनका जोखिम कम गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सूचना तथा स्रोत परिचालन गर्ने, आ-आफ्नो क्षेत्राधिकारका विषय सूक्ष्मरूपमा अध्ययन हुने गरेको प्रहरीको भनाइ थियो ।

प्रमुख जिल्ला अधिकारी सुशील वैद्यले रोजगारीका लागि विदेश जाने कुनै पनि कामदारलाई एजेण्टमार्फतभन्दा पनि आफैं जाने देश तथा कामका बारेमा बुझेर जानुपर्ने र सीप अनिवार्य सिक्नुपर्ने बताए । आफू जान चाहेको देश र त्यहाँ पुगेर गर्ने कामका बारेमा यकिन नगरी हचुवाको भरमा वैदेशिक रोजगारीमा जाँदा अनेक समस्या सिर्जना हुने गरेकाले सामी कार्यक्रमबाट परामर्श लिन आग्रह गरे । घोराही उपमहानगरकी उपप्रमुख हुमा डिसीले वैदेशिक रोजगारीका क्रममा ठगिने क्रम बढ्दै गएकाले यसलाई नियन्त्रण गर्न लागि तल्लो तहबाटै सबै जुट्न आवश्यक रहेको बताइन् । वैदेशिक रोजगार विभागले अनुसन्धानका क्रममा जानकारीमा आएका यस्ता घटनाबारे अनुसन्धान गरी कानुनी सहयोगका लागि नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग र मानव बेचविखन अनुसन्धान ब्युरोलाई जानकारी उपलब्ध गराउन आग्रह गरिन् । *रासस*

## पौडेल राष्ट्रपति चुनिएपछि तनहुँवासीमा खुसीयाली

■ **रामबहादुर थापा र कृष्ण न्यौपाने**

**गण्डकी–** राजनीतिज्ञका रूपमा रामचन्द्र पौडेलको भद्र, सादगी र इमान्दार छविलाई तनहुँवासीले पहिले सम्झन्छन् । गृहजिल्ला तनहुँमा मात्र नभई केन्द्रीय राजनीतिमा पनि त्यागी र निष्ठावान नेताका रूपमा उनी सधैँ चिनिए ।

अब भने तनहुँका बासिन्दाले सांसद या नेताका रूपमा नभई पौडेललाई मुलुककै सर्वोच्च राजकीय पदमा आसिन भएको देख्न पाउने भएका छन् । तनहुँबाटै छ-छपटक चुनाव जितेर संसद्‌मा पुगेका पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि स्थानीयवासीमा खुसीयाली छाएको छ ।

व्यास-८ रिस्तीको सामान्य किसान परिवारमा जन्मिएका पौडेल संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिमा निर्वाचित हुनुलाई तनहुँवासीले गौरवका रूपमा लिएका छन् । राष्ट्राध्यक्षका रूपमा पौडेलले देश र जनताको हितका पक्षमा काम गर्ने विश्वास व्यक्त गरेका छन् ।

राष्ट्रिय एकता प्रवर्द्धन तथा संविधानको रक्षामा राष्ट्रपतिले निष्पक्ष र अभिभावकीय भूमिका खेल्नुपर्नेमा जनसाधारणको जोड छ । त्रिभुवन विश्वविद्यालय शिक्षा संकायका पूर्वडिन व्यास-३ का प्रा.डा. कृष्णप्रसाद गौतमले पौडेलजस्तो विचारले निखारिएको, सरल र विवादरहित व्यक्तित्वलाई राष्ट्रपतिका रूपमा पाउनु गर्वको विषय भएको बताए ।



**नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएको खुसीयालीमा उनको गृहजिल्ला तनहुँको दमौलीमा बिहीबार साँझ गरिएको दीप प्रज्ज्वलन ।** *तस्बिर: रासस*

'रामचन्द्र पौडेल धेरै खारिएका नेता हुनुहुन्छ, प्रजातन्त्र स्थापनाका लागि उहाँले लामो संघर्ष गर्नुभयो, जेल जीवन बिताउनुभयो, उहाँ निर्वाचित हुँदा राष्ट्रपति पदको गरिमा अझ बढेर गएको छ,' प्रा.डा. गौतमले भने ।

उनले नवनिर्वाचित राष्ट्रपति पौडेलले राष्ट्रहित र लोककल्याणकारी काममा आफूलाई समर्पित गर्नेमा विश्वास व्यक्त गरे । 'राष्ट्रपति आलंकारिक भए पनि या सम्मानित र महत्त्वपूर्ण पद हो, विगतमा राष्ट्रपतिको भूमिकालाई लिएर केही टीका-टिप्पणी पनि भए,' प्रा.डा. गौतमले भने, 'रामचन्द्र पौडेल अब तनहुँको मात्र नभई राष्ट्रको अभिभावक बन्नुभयो, उनले आफूलाई देशभक्त राष्ट्रपतिका रूपमा सावित गर्नेमा हामी आशावादी छौं ।'

तनहुँ-२ का पूर्वसांसद केदार सिग्देलले राष्ट्रपतिले साझा भूमिका निर्वाह गर्नुपर्ने बताए । 'नवनिर्वाचित राष्ट्रपति तनहुँबाटै राजनीतिमा स्थापित हुनुभएको हो, उहाँ हाम्रो अग्रज पनि हो, जिल्लावासीका रूपमा हामी सबैका लागि यो गर्वको विषय हो,' उनले भने ।

नवनिर्वाचित राष्ट्रपति पौडेलका छिमेकी व्यास-२ अमरापुरी निवासी सावित्री अधिकारीले आफूले मत दिएर पठाएको व्यक्ति मुलुकको सर्वोच्च पदमा पुग्दा खुसी लागेको बताए । 'घर आउँदा सञ्चोबिसञ्चो सोधिराख्नुहुन्थ्यो, आज उहाँ राष्ट्रपति भएको थाहा पाउँदा धेरै खुसी लागेको छ,' अधिकारीले भने, 'देश र जनताका लागि राम्रो काम गर्नुहुन्छ भन्ने आशा छ ।' (बाँकी पृष्ठ २ मा)

## प्रधानमन्त्री...

पृष्ठ १ बाट जारी

संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रिय सभा) का ९८ जनासँगै प्रदेश संसद्का १६२ जना निर्वाचकमण्डलले मतदान गरेको आयोगका प्रवक्ता पौडेलले बताए ।

राष्ट्रपति निर्वाचनमा मतदान गर्ने संघीय संसद्का ३१३ जना र प्रदेशसभाका ५१४ जना निर्वाचक मण्डल थिए ।

राप्रपाका ४२ जना, नेमकिपाका तीन जनासँगै कांग्रेस सांसद डा. चन्द्र भण्डारी र नेकपा माओवादी केन्द्रका सांसद वर्षमान पुनले अस्वस्थ भएका कारण मतदान गरेनन् । एमाले सांसद लक्ष्मी महतो कोइरी भने अनुपस्थित रहे ।

राष्ट्रपति निर्वात पौडेललाई उनको दल नेपाली कांग्रेससँगै सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल समाजवादी पार्टीलगायत दलको समर्थन थियो । नेम्बाङलाई भने एमालेकासहित अन्य तीन जना सांसदको समर्थन रह्यो ।

यसरी संसद्मा प्रतिनिधित्व गर्ने बहुमत दलहरूको समर्थन प्राप्त पौडेललाई राष्ट्रपति निर्वाचित हुन सहज भयो । निर्वाचित भएपछि पौडेलले प्रधानमन्त्री पुष्पकमल दाहाल, उनका दल कांग्रेसका सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायतसँग अंकमाल गरे । राष्ट्रपतिमा आफैंलाई मतदान गरेपछि संक्षिप्त प्रतिक्रिया दिँदै उनले राष्ट्रको अभिभावकत्व ग्रहण गर्ने र संविधानको संरक्षक बन्ने बताएका थिए ।

'म संविधानअनुसार काम गर्छु । संविधानमा जे लेखिएको छ । त्यसको अक्षर र भावनालाई मैले बुझेको छु । आत्मासात गरेको छु,' उनले भने ।

वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी र पहिलो राष्ट्रपति डा. रामवरण यादव पटक-पटक विवादित भए । पहिले राजनीति गरेको दलको 'रबर स्टचाम्प' भएको आरोप उनीहरूलाई लाग्यो ।

नवनिर्वाचित राष्ट्रपति पौडेलले भने नेपाली जनताको अभिभावक बन्ने, संविधानको संरक्षक बन्ने र राष्ट्रिय एकताको सूत्रधार बन्दै राष्ट्रपतिका रूपमा स्वच्छ छवि कायम राख्ने दाबी गरे । राष्ट्रपतिमा पौडेलका प्रतिस्पर्धी नेम्बाङले निर्वाचनको परिणामलाई हार्दिकतापूर्वक स्वीकार गरेको बताएका छन् ।

'घोषणा भएको निर्वाचन परिणामलाई पनि मैले त्यसै रूपमा लिएको छु । राष्ट्रपतिजस्तो सम्मानित पदमा मेरा मित्र पौडेलजी निर्वाचित हुनुभएको छ,' नेम्बाङले भने, 'कार्यकाल सफलताका लागि मेरो बधाई र शुभकामना छ ।'

राष्ट्रपतिमा प्रतिस्पर्धा गरेका दुवै जना पूर्वसभामुख र पूर्वमन्त्री हुन् । संसदीय राजनीतिका परिपक्व खेलाडी हुन् । पौडेल २०७४ मा बाहेक २०४८ पछि लगातार संसद्मा छन् । नेम्बाङ पनि २०४८ पछि संसद्मा छन् । र, नेम्बाङ यसपटक राष्ट्रपति निर्वाचनमाबाहेक सफल नेता हुन् ।

पौडेल भने १७ पटकसम्म प्रधानमन्त्रीमा पराजित भएका नेता हुन् । पार्टीको सभापति हुन १३औं महाधिवेशनमा असफल भए । १४औं महाधिवेशनमा संस्थापनइतर पक्षबाट सर्वसम्मत सभापतिको उम्मेदवार बन्न नसक्दा पार्टी राजनीतिबाटै उनी विरक्तिएका थिए । तर, महाधिवेशनमा वर्तमान सभापति शेरबहादुर देउवालाई सहयोग गरेपछि देउवाले उनलाई वरिष्ठ नेता बनाए ।

देउवा नेतृत्वको गठबन्धन सरकार हुँदा उच्चस्तरीय राजनीतिक संयन्त्रको संयोजक बनाए । १२ फागुनमा राष्ट्रपतिका उम्मेदवार बनाउँदै अन्ततः कांग्रेससहित १० दलले राष्ट्रपतिमा निर्वाचित गरे ।

उनी राष्ट्रपति भएकोमा प्रधानमन्त्री पुष्पकमल दाहालले बधाई ज्ञापन गरेका छन् । 'राष्ट्रको अभिभावक, संविधानको रक्षक एवं गणतन्त्रको गौरवका रूपमा यहाँको कार्यकाल अद्वितीय र अनुकरणीय रहने विश्वास व्यक्त गर्दै संघीय संसद् र प्रदेशसभाका सम्पूर्ण माननीयज्यूहरूप्रति आभार व्यक्त गर्दछु,' प्रधानमन्त्री दाहालले सामाजिक सञ्जाल फेसबुकमा लेखे ।

कांग्रेस सभापति शेरबहादुर देउवाले पनि पौडेल राष्ट्रपति निर्वाचित हुँदा खुसी भए । उनले बधाई ज्ञापन गरेका छन् । 'राष्ट्रपतिमा निर्वाचित हुनुभएकोमा मेरा मित्र रामचन्द्र पौडेलजीलाई हार्दिक बधाई,' सामाजिक सञ्जाल फेसबुकमै लेखेका छन् ।

### कांग्रेससाग एमालेको सहयोग संकेत

राष्ट्रपति निर्वाचनमा एक्लिएको दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कांग्रेससँग एमाले मिल्नसक्ने संकेत गरेका छन् । राष्ट्रपति निर्वाचनमा मतदानपछि पत्रकार हरूसँग उनले भने, 'कांग्रेससँग नमिल्न कसम खाएका छैनौं ।'

ओलीको यो अभिव्यक्तिले कतै संविधान जारी हुनुभन्दा अघिजस्तै कांग्रेस-एमाले मिलेर सरकार बनाउने त होइन ? आशंका बढाएको छ । यदि, दुई दल मिलेको अवस्थामा सरकार बन्छ । संसद्मा कांग्रेस ८८ सिटसहित पहिलो र एमाले ७९ सिटसहित दोस्रो स्थानमा रहेको दल हो ।

## संक्रमणकालीन...

पृष्ठ १ बाट जारी

छ । त्यस्तै विशेष अदालतबाट भएको फैसलालाई पुनरावेदन गर्न सकिने नयाँ व्यवस्था विधेयकमा गरिएको छ ।

विधेयकको दफा २९ 'ङ'मा पुनरावेदन गर्न सक्ने भनी राखिएको छ । विशेष अदालतको फैसला वा अन्तिम आदेशमा चित्त नबुझे पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको मितिले ३५ दिनभित्र सर्वोच्चमा पुनरावेदन दिन सक्ने भनिएको छ ।

'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि उपदफा १ बमोजिम परेको पुनरावेदन सुन्ने प्रयोजनका लागि प्रधानन्यायाधीशले न्याय परिषद्को परामर्शमा सर्वोच्च अदालतको तीन न्यायाधीश रहेको एक संक्रमणकालीन न्यायसम्बन्धी विशेष इजलास गठन गर्ने छ,' विधेयकमा उल्लेख छ ।

## संवैधानिक जिम्मेवारीमा...

पृष्ठ १ बाट जारी

उनले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रपतिमा निर्वाचित हुँदै गर्दा २००७ सालको जनक्रान्तिको आरम्भदेखि प्रजातन्त्र स्थापना तथा पुनःस्थापनाका निम्ति भएका विभिन्न आन्दोलन, संघर्ष र अभियानमा ज्यान गुमाउने सबै सपूत सहिदप्रति श्रद्धासुमन अर्पण गरेका छन् ।

नवनिर्वाचित राष्ट्रपति पौडेलले आफूलाई साझा उम्मेद्वारका रुपमा प्रस्तुत गर्ने र सहयोग गर्ने गठबन्धन दलहरु एवं मतदान गर्ने सबै मतदाताप्रति आभार व्यक्त गरेका छन् ।

उनले मित्रवत प्रतिस्पर्धामा रहेका पूर्वसभामुख सुवासचन्द्र नेम्बाङ, उनको दल तथा मतदातालाई पनि हार्दिक सम्मान गरेका छन् । 'मलाई प्रतिनिधिसभा र संविधानसभामा विजयी गराई निरन्तर सेवा गर्ने अवसर दिनुभएकामा तनहुँ जिल्लावासी तथा मतदाताहरूलाई पनि हार्दिक आभारसहित कृतज्ञता ज्ञापन गर्दछु,' उनले भनेका छन्, 'निष्पक्ष निर्वाचन सम्पन्न गराएकामा निर्वाचन आयोग, नेपाल सरकारका सम्बन्धित निकाय, सुरक्षाकर्मी तथा सम्पूर्ण पक्षमा धन्यवाद व्यक्त गर्दछु, सबै शुभेच्छुक तथा सहयोगी मनप्रति धन्यवाद व्यक्त गर्दछु ।'

## पौडेल राष्ट्रपति...

पृष्ठ १ बाट जारी

पौडेलको जन्मगाउँ व्यास-८ रिस्तीका वडाध्यक्ष युवराज गुरुङले पौडेल राष्ट्रपति निर्वाचित हुँदा वडावासीमा खुसीयाली छाएको बताए । नाटक मञ्च तनहुँका अध्यक्ष आकाश अधिकारीले राष्ट्रलाई एकताबद्ध गर्न र संविधानको रक्षार्थ राष्ट्रपतिले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिए ।

उनले नवनिर्वाचित राष्ट्रपति पौडेलमा रहेको इमान, निष्ठा र त्यागको चरित्रले राष्ट्रपति पदको गरिमा अझ बढ्ने धारणा राखे । 'तनहुँ साहित्य क्षेत्रमा जसरी प्रख्यात छ, राजनीतिमा पनि उत्तिकै चर्चित छ,' अधिकारीले भने, 'नवनिर्वाचित राष्ट्रपतिले निर्विवाद भूमिका खेल्नेमा हामी विश्वस्त छौं ।' *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PRODUK MAKANAN ENAK GEMBIRA SDN BHD**

पूर्व स्वीकृति मिति: २०७९/०५/१५ पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/२५ LT. No.270534 चलानी नं. ६०१८६६७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 15 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : MAMA HOME CAFE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/04/01 पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/२५ LT. No. 267512 चलानी नं. ६०१८३४०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Sector | 3 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : SUNNYJAYA PLASTIC INDUSTRIES SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०६/२८ पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/२५ LT. No. 273288 चलानी नं. ६०१८९४४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 29 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : CHIN ENG PRECISION SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/04/21 पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/२५ LT. No. 268765 चलानी नं. ६०१८४६१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 50 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np


## सच्याईएको सूचना

मिति २०७९/११/२५ गते श्री लोकेश्वर सा.व.उ.स. सुनवल न.पा.-७चारपाला नवलपरासी (ब.सु.प.)को काठ दाउरा लिलाम सूचनाको नवौ हरफमा सूचना प्रकाशित मितिमा २०७९/११/२५ हुनुपर्नेमा प्राविधिक त्रुटी हुन पुगेकाले सच्याईएको छ ।

## ID-Card Lost Notice

This is to notify that the identity card no. 455 carrying the following information has been lost on the Date: 2079/10/20 while travelling from Jorpati to Gausala and if found hereby kindly request you to inform the nearest police station or contact on provided address.

Name : Sarwesh Khanal
ID Card No.: 455
Embassy : The Royal Embassy of Saudi Arabia Consulate Section
Agent : Inspire Int'l Employment Pvt Ltd., License No.: 1363/074/075
Address : Mid Baneshwor
Contact No. : 9851089133

**श्री गणेश सामुदायिक वन उपभोक्ता समूह**

बेदकोट न पा ६ मुसेपानी कञ्चनपुर

## खयर गोलीया लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०७९।११।२५

यस सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत निर्माणाधिन महाकाली सिँचाई आयोजना तेस्रो चरणको मूल नहर क्षेत्र बाट संकलन गरि समूहको घाट गद्दीमा मौज्दात तपसिल बमोजिमको लट र परिमाणको खयर गोलीया जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि न्युनतम मूल्य प्रति क्यु फि रु १०००।- को मूल्य बाट लिलाम बिक्री गर्नु पर्ने भएकाले १५ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ती संघ संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएका मितिले १५ औं दिन भित्र सिलवन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

**१ वन पैदावारको विवरण-**

| सि. न. | जात | लट न. | किसिम | थान | परिणाम क्यु फी. | मुल्याकंन (रु) न्युनतम | मुल्याकंन (रु) कटान खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खयर | १ | गोलिया | ६० | ३३१.२० | ३,३१२०० | प्रति क्यु फी रु.१००।- थप लाग्ने छ |

२ बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) खरिद अन्तिम मिति २०७९/१२/१० गते समय साझ ५:०० बजे सम्म

ख) दाखिला गर्नु पर्ने मिति २०७९/१२/०९ गते दिउसो ३:०० बजे सम्म

३ बोलपत्र कबुल गरेको १० प्रतिशत हुन आउने रकम बोलपत्र गरेका सामुदायिक वन समूहको राष्ट्रिय बाणिज्य बैंक महेन्द्रनगरमा रहेको च.हि.न.४१८०१००००४७६६००१ खातामा जम्मा गरेको सक्कल भौचर समाबेस हुनुपर्ने छ ।

४ बोलपत्र फारम प्रति लटको रु १०००।- पछि फिर्ता नहुने गरि तिरि यस सामुदायिक वन उपभोक्ता समुहबाट खरिद गर्न सकिनेछ । डि.व.का. कञ्चनपुर बाट खरिद गर्दा यस समुहको खाता मा दाखिला गरको भौचर पेश गरेमा खरिद गर्न सकिनेछ ।

५ लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र श्री गणेश सामुदायिक वन उपभोक्ता समुहको कम्पाउण्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६ लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मुल्य अभिवृदी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतितिपि, सुचिकृत प्रमाणपत्रको प्रतितिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७ निर्धारित न्युनतम संख्याका र रितपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०७९/१२/१० गते मा दिउसो २:०० बजे साक्षी हरुको रोहबरमा खोलिने छ ।

८ लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर संकलन खर्च बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधी भित्र उठाईलैजानु पर्नेछ ।

९ बोलपत्र सकार गरिएको रकम अक्षर अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षर लाई मान्यता दिईनेछ ।

१० बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहीतरहनेछ ।

सम्पर्क न. अध्यक्ष ९८९०७११९७७ कोषाध्यक्ष ९८४०४८५४८६

# Darma Rural Municipality
# Office Of The Rural Municipal Executive

**Pharulachaur, Salyan**

**Karnali Province, Nepal**

## Invitation For Sealed Quotation For The Procurement of Non-Local Materials & Improvement of Road

**Date of first Publication: 2079/11/26**

1. The **Darma Rural Municipality** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of non local construction material.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Darma Rural Municipality, Phaarulachaur, Salyan [or may visit PPMO website **www.bolpatra.gov.np.**
3. A complete set of Bidding Documents may be purchased from the office of the Darma Rural Municipality, Phaarulachaur, Salyan by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till **2079/12/10** during office hours.
4. "Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [i.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   *Name of the Bank: Nabil bank ltd.* *Name of Office: Darma Rural Municipality*
   *Office Code no. :…………….* *Office Account no.: 07301017500275*
   *Rajaswa (revenue) Shirshak no. :*
   *Sealed bids must be submitted to the office Darma Rural Municipality through **www.bopatra.gov.np/egp** on or before 2079/12/12 on 12:00 oclock. Bids received after this deadline will be rejected.*
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2079/12/12,1:00 o clock** at the office of Darma Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2080/02/30). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 07301017500290 at Nabil bank ltd., Darma branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
8. Matters not covered in this notice shall be treated in accordance with prevailing acts and regulation.
9. The name and identification of the contract is as follows:

| S.N. | Conract No. | Description of works | Estimated cost (w/o VAT) | Cost of bid documents (Nrs) | Minimum bid security amount (Nrs) | remarks |
|---|---|---|---|---|---|---|
| 1. | DRM/SQ/W/01/079/80 | Upgrading of Tinpokhari-Adherikhola-Layata road (Adherikhola section) | 1691239.73 | 1000.00 | 41,000.00 | |
| 2. | DRM/SQ/G/03/079/80 | procurement of non local (hume pipe, gabion box, cement) of maulekhali maidan road improvement | 1004717.00 | 1000.00 | 26,000.00 | |
| 3 | DRM/SQ/G/04/079/80 | procurement of non local (hume pipe, cement, gabion box) of Stadhar-Pharula Road improvement project | 1569962.00 | 1000.00 | 40,000.00 | |

**Chief Administrative Officer**
**Darma Rural Municipality**

चितवन-२ उपनिर्वाचन

# दलहरूले पाए चुनाव चिह्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी वैशाख १० गते चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि दर्ता भएका १८ राजनीतिक दललाई निर्वाचन आयोगले निर्वाचन चिह्न प्रदान गरेको छ ।

दर्ता भएका राजनीतिक दललाई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (१) बमोजिमको निर्वाचन चिह्न निर्धारण गरी सम्बन्धित दललाई प्रदान गरिएको हो । सोही दफाको उपदफा (७) बमोजिम उपनिर्वाचन हुँदाका बखत प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई ती दलले २०७९ मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत संख्याका आधारमा र प्रतिनिधिसभामा प्रतिनिधित्व नगर्ने राजनीतिक दललाई निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएको क्रमका आधारमा उम्मेदवारको निर्वाचन चिह्न मतपत्रमा समावेश गर्ने निर्णय भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेयालले बिहीबार विज्ञप्ति जारी गरी जानकारी दिए ।

नेपालको संविधानको धारा २७१, राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम १६ को अनुसूची-१२ बमोजिम निवेदन पेस हुन आएका राजनीतिक दलहरूलाई राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम १७ को उपनियम (४) बमोजिम दर्ता गर्ने व्यवस्था छ ।

निर्वाचनका लागि दर्ता भएका दलमा नेपाल मजदुर किसान पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, राष्ट्रिय नागरिक पार्टी, नेपाली कांग्रेस, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत माक्सवादी लेनिनवादी), नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टी, हाम्रो नेपाली पार्टी, पुनःजागरण पार्टी नेपाल, मौलिक जरोकिलो पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल, नेपाली कांग्रेस (बिपी), राष्ट्रिय प्रजातन्त्र पार्टी, जय जन्मभूमि पार्टी नेपाल रहेका छन् ।

# स्ववियु निर्वाचनका लागि आचारसंहिता जारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले आगामी चैत ५ मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा प्रचारप्रसार गर्नका लागि रङ्रोगन र कुनै पनि प्रकारको पोस्टर टाँस्न नपाइने गरी आचारसंहिता जारी गरेको छ ।

त्रिविले जारी गरेको स्ववियु निर्वाचन आचारसंहितामा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र पोस्टर टाँस्न नपाइने उल्लेख गरिएको त्रिविका विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयक निर्देशक पशुपति अधिकारीले जानकारी दिए ।

उनका अनुसार क्याम्पसको कम्पाउण्ड वालको बाहिरिपट्टी, भित्रपट्टी र क्याम्पस वरिपरि वालपेन्टिङ गर्न र त्रिविका क्याम्पसमा हानी नोक्सानी हुने कुनै प्रकारको प्रचार गर्न पाइने छैन । यस्तै उम्मेदवारले आफ्नो निर्वाचन घोषणापत्र र उम्मेदवारको नामावली एफोर साइजको एकै रङ भएको मात्रै प्रचारप्रसार गर्न पाइनेछ ।

आचारसंहितामा क्याम्पस निर्वाचन समितिमा दर्ता संघ, संगठन, समूह वा स्वतन्त्र उम्मेदवारलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम क्याम्पस निर्वाचन समितिले सञ्चालन गर्ने र उक्त कार्यक्रमका एक अर्काप्रति आपेक्ष वा आरोप लगाइने वाक्य बोल्न नपाइने पनि आचारसंहितामा उल्लेख गरिएको छ ।

क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचारप्रसार गर्न नपाइने, विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द हड्ताल गर्न नपाइने उल्लेख छ । आचारसंहितामा मतदान हुनुभन्दा ४८ घन्टा अगाडिदेखि निर्वाचनको प्रचारप्रसार गर्न नपाइने उल्लेख छ ।

निर्वाचन कार्यतालिका अनुसार स्ववियु निर्वाचनका लागि यही फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्दै छन् । गत फागुन १९ गते निर्वाचनका लागि विद्यार्थी संघ संगठन दर्ता भएका छन् । आगामी चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म देशभरिका त्रिविका ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुँदै छ ।


## हिम रिभर पावर लिमिटेडको वार्षिक साधारणसभा सम्वन्धी सूचना :

दोस्रो पटक प्रकाशित मिति: २०७९/११/२६

कम्पनी ऐन २०६३ बमोजिम संचालनमा रहेको लिमिटेड दर्ता नं. २९३७१६ रहेको यस **हिम रिभर पावर लिमिटेड**को **आ.ब. ०७८।७९को वार्षिक साधारणसभा (लिमिटेड कम्पनीमा परिणत पश्चातको पहिलो)** निम्न मिति, समय र स्थानमा तल उल्लेखित प्रस्तावहरु उपर छलफल गर्ने गरी बस्ने भनी संचालक समितिको बैठकको निर्णय अनुसार आव्हान गरिएकोले उपस्थितिका लागि **कम्पनीका शेयरधनीहरुको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन** गरिएको छ ।

**साधारणसभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७९।१२।१७ गते शुक्रवार

**समय** : बिहान ९:०० वजे

**स्थान** : कम्पनीको रजिस्टर्ड कार्यालय प्राङगण, काठमाडौं

**छलफलका प्रस्तावहरु :**

१. संचालक अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.ब. ०७८।७९ को वार्षिक प्रतिवेदन सम्वन्धमा ।
२. लेखापरिक्षकज्यूद्वारा प्रस्तुत हुने आ.ब. ०७८।७९ को लेखापरिक्षण प्रतिवेदन, आय-व्यय विवरण र वासलात माथि छलफल र सर्मथन गर्ने ।
३. आगामी आ.ब. ०७९।८० को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संचालक समिति गठन/निर्वाचन गर्ने सम्वन्धमा ।
५. विविध ।

(**पुनश्च:** निर्वाचन कार्यक्रम सम्वन्धमा निर्वाचन समितिले छुट्टै सूचना/कार्यतालिका प्रकाशित गर्नेछ)

आज्ञाले,
कम्पनी सचिव



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MABIA HOSPITALITY SERVICE

पूर्व स्वीकृति मिति :२०७८/०६/२५ पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/२५ LT. No. 248480 चलानी नं. ६०१६५३६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 135 | 20 | 800 | २८,५९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Follow Up Cleark | 38 | 3 | 1200 | ४२,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०५५/०५६

**Asia Link Services Pvt. Ltd.**

Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 9817961880, 9851116133, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIQUE CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति २०७९/११/२५ LT. No. :280950 चलानी नं. ६०१९७८१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 2 | 1100 | ३९,६५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 1 | 0 | 2200 | ७९,३१५ | | | | | | | |
| 3 | Supervisor | 0 | 1 | 2700 | ९७,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.५६७/०६२/०६३

**Euro Tech Consultancy Pvt. Ltd.**

Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158, Mob No. 9851021264, 9851084492



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUNPOWER MALAYSIA MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति: २०७९/११/२५ LT. No.282254 चलानी नं. ६०१९७८२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 85 | 50 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७४/०७९/०८०

**Aviosupport Human Resources Pvt.Ltd.**

Gyaneshwor, Kathmandu, Nepal. Tel: 01 - 5914474, Email : info@aviosupporthr.com, basnetbimal25@gmail.com, Web:www.aviosupporthr.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHA GRILLS FAST FOOD EST.

पूर्व स्वीकृति मिति २०७८/०९/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२४ LT. No. 254017 चलानी नं. ६०१७०७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 7 | 0 | 1200 | ४१,७१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 3 | 0 | 1200 | ४१,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPETCO INTERNATIONAL PETROLEUM COMPANY.

पूर्व स्वीकृति मिति २०७९/११/२१ LT. No. 282225 चलानी नं. ६०१९७८३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 45 | 0 | 90 | ३८,४३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe Fabricator | 20 | 0 | 150 | ६४,०६० | | | | | | | |
| 3 | Pipe Fitter | 20 | 0 | 130 | ५५,५१५ | | | | | | | |
| 4 | Rigger | 10 | 0 | 130 | ५५,५१५ | | | | | | | |

कम्पनी : AMAZING FACTORIES COMPANY FOR DETERGENTS AND DISINFECTANTS

पूर्व स्वीकृति मिति २०७९/११/२५ LT. No. 282374 चलानी नं. ६०१९७८३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 2 | 0 | 1000 | ३४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## श्री बलम्वु माध्यमिक विद्यालय

स्थापित - २०२०

बलम्वु, काठमाडौं

### सूचिकृत गर्ने बारे सूचना

सूचना प्रकाशित मिति २०७९/११/२६

यस बलम्वु मा.वि.चन्द्रागिरि न.पा.-१२ बलम्वु, काठमाडौंको आ.व. २०७९/०८० को शिक्षा विकास तथा निर्देशनालय वागमती प्रदेशबाट स्थानीय तहको साझेदारीमा बाल विकास केन्द्र स्तरोन्नति गर्न दिने अनुदान अन्तर्गत यस विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१०/२० गतेको निर्णय बमोजिम यस विद्यालयको बाल कक्षा स्तरोन्नतिको लागि आवश्यक पर्ने तल उल्लेख गरे बमोजिम सेवा तथा सामाग्रीहरु खरिद गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ को सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम इच्छुक उत्पादक, सप्लायर्स वा निजको आधिकारिक विक्रेताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र स्पेसिफिकेशन सहितको दररेट उल्लेख गरी तपसिल बमोजिमको कागजात सहित सूचिकृत हुनका लागि निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक सामाग्रीहरु:

| सि.नं. | सामाग्रीको विवरण | सि.नं. | सामाग्रीको नाम |
|---|---|---|---|
| १ | स्मार्ट टि.भी. ५५ ईन्च | ८ | शैक्षिक सामाग्री (बालमैत्री) |
| २ | Round Table/Bench Desk (P.S.I. Fiber) | ९ | खेल सामाग्री (बालमैत्री) |
| ३ | कार्पेट, कुशन, पर्दा | १० | अफिस टेबल |
| ४ | Low Bed | ११ | सजावटका सामाग्री/वाल पेन्टि सहित |
| ५ | मेट्रेस | १२ | मन्टेश्वरी तालिम |
| ६ | सिरानी, तन्ना, ब्ल्याङ्केट | १३ | ABC/123/कखग Writing board |
| ७ | Water Dispenser | | |

तपशिल:

१. संस्थाका फर्म दर्ताको प्रमाण पत्र
२. स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र
३. कर चुक्ता प्रमाण पत्र
४. आवश्यकता अनुसारको व्यावसायिक ईजाजत पत्र

E-mail: balambuss@gmail.com

प्रधानाध्यापक : सुमन राउत



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :PH PALM EXPRESS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२५ LT. No.277390 चलानी नं. ६०१९३१८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Purchase Rep | 40 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

कम्पनी : **ADVANCED LEASING SOLIDARITY GENERAL CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०३/१९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२५ | LT. No. 266474 | चलानी नं. ६०१८२४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 1 | 0 | 1800 | ६२,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ५ गते (19th Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KOSSAN PAINT (M) SDN.BHD.**

पूर्व स्वीकृति मिति : २०७९/०५/२२ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/२५ | LT. No. 270679 | चलानी नं. : ६०१८७१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 55 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

# प्रभाव दैनिक

शुक्रबार, २६ फागुन २०७९ (Friday, March 10, 2023)


रूपशाला

## चलचित्र 'जुबेली'को फर्स्ट लुक सार्वजनिक

नारी दिवसको अवसर पारेर चलचित्र 'जुबेली'को फर्स्ट लुक सार्वजनिक गरिएको छ। चलचित्रमा सुरक्षा पन्त, उषा रजक, निशा अधिकारी र मोनिका थापा मुख्य भूमिका रहेका छन् भने सुशील सिटौला, पुष्कर कार्की, तुफान थापा लगायतका कलाकारको अभिनय छ। फोर क्युब इन्टरटेन्मेन्टको ब्यानरमा बनेको यो चलचित्रमा चार नारी पात्रको कथा समेटिएको छ। चलचित्रलाई निर्देशक गणेश देव पाण्डेले निर्देशन गरेका हुन्। उनले यस अघि मन्चरी, गाजा बाँजा जस्ता सफल चलचित्र निर्देशन गरिसकेका छन्।




# 'तेरे नाम'का निर्देशक सतीश कौशकको निधन

■ एजेन्सी

**मुम्बई–** भारतीय अभिनेता तथा निर्देशक सतीश कौशिकको ६६ वर्षको उमेरमा निधन भएको छ।

शवना आजमीको निवासमा मस्तसँग ७ मार्चमा होली मनाएर उनी पारिवारिक होली खेल्न दिल्ली गएका थिए। महिमा चौधरी, जाबेद अख्तरसँग होली खेलेको त्यो होलीको तस्विर उनले सामाजिक सञ्जालमा राखेका थिए।

परिवारसँग होली खेलिरहेका उनले असहज महशुश गरे पछि फरटिज अस्पतालमा भर्ना गरिएको थियो, उनले राती सदाका लागि संसार छाडेको भारतीय मिडियाले जनाएका छन्। फिल्म समिक्षक तरुण आर्दशले आफनो टविटरमा उनको निधन भएको जनाउँदै लेखेका छन्, 'हृदय बिदारक !'



अभिनेता अनुपम खेरले ट्वीटमार्फत आफूले प्रिय साथी गुमाएको उल्लेख गरेका छन्। खेरले लेखेका छन्– 'मृत्यु संसारको शाश्वत सत्य हो तर मैले आफ्नो प्रिय साथीबारे यसरी लेख्नुपर्ला भनेर सपनामा पनि सोचेको थिइनँ।' खेरले कौशिकसँग ४५ वर्षदेखि साथी रहेको पनि उल्लेख गरेका छन्।

सन् १९६५ अप्रिल १३ मा हरियाणामा जन्मेका कौशिक अभिनय, व्यंग्य, पटकथा लेखन, निर्देशन र फिल्म निर्माणमा समेत चर्चित थिए। कौशिकले 'हम आपके दिलमे रहेते है' 'तेरे नाम' जस्ता चर्चित फिल्म निर्देशन गरेका थिए। कौशिकले अभियन गरेका मिस्टर इन्डिया-१९८७, दिवाना मस्ताना-१९९७ चर्चित फिल्म हुन्। सन् १९९० मा 'रामलखन' र सन् १९९७ मा 'साजन चले ससुराल' बाट फिल्मफेयर बेस्ट कमेडियन अवार्ड पाएका थिए।

# 'निफ'मा सिस्नुपानीले पनि 'सेसन' चलाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** आउँदो चैत २ देखि ६ गते (मार्च १६-२०) सम्म हुने छैटौं 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ) मा सिस्नुपानी नेपाल पनि सहभागी हुने भएको छ। स्थापित हास्य-व्यंग्य समूह सिस्नुपानी नेपालले निफमा डेढ घण्टा लामो एउटा सेसन चलाउने भएको हो।

'हास्य व्यंग्यले हौसिएको नेपाली सिनेमा' विषयक उक्त सेसनमा 'प्यानलिष्ट'हरू चर्चित कलाकार मनोज गजुरेल, कवि लक्ष्मण गाम्नागे, निर्देशक प्रदिप भट्टराई र समीक्षक डा. विन्दु शर्मा रहेका छन्। त्यसैगरी यस सेसेनको मध्यस्थता पत्रकार तथा संस्कृतिविज्ञ धिरेन्द्र प्रेमर्षिले गर्नेछन्।




सिस्नुपानीको यो सेसन आउँदो चैत ६ (२० मार्च) गते सोमबारका दिन नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपमा सञ्चालन हुने छ।

३५ देशका चलचित्रकर्मीको प्रतिनिधित्व हुने यस महोत्सवमा छनौट भएका ९५ प्रतियोगी चलचित्रको प्रदर्शन क्यूएफएक्सद्वारा सञ्चालित सिनेमा हलहरू काठमाडौंको सिभिल मल र छाया सेन्टर, पुलचोकको लबिम मल अनि भक्तपुर राधेराधेको भाटभटेनीमा रहेको हलमा हुनेछन्। 'ओपनिङ फिल्म'को रूपमा कोरिन शर्मा निर्देशित चलचित्र 'चरी' (अप्रतियोगी) प्रदर्शन हुने छ।

कार्यक्रमको उद्घाटन सिभिल मल सुनधारामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बाट हुने कार्यक्रम रहेको आयोजक संस्थाका अध्यक्ष केपी पाठक हुन्।

## रंगशाला

आइसिसी विश्वकप क्रिकेट लिग-२

# सन्दीप र आसिफको उत्कृष्ट प्रदर्शनमा पिएनजीविरुद्ध नेपाल विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप क्रिकेट लिग-२ को अन्तिम शृंखलाको पहिलो एकदिवसीय खेलमा नेपालले पपुवा न्युगिनीलाई ५२ रनले पराजित गरेको छ।

प्रारम्भिक ब्याट्सम्यान आशिफ शेख र स्टार क्रिकेटर सन्दीप लामिछानेको उत्कृष्ट प्रदर्शनसँगै कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा नेपालले जित हात पारेको हो। टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४९ दशमलव एक ओभरमा सबै बिकेट गुमाउँदै हालसम्म कै उच्च स्कोर दुई सय ९७ रन बनायो। जवाफी ब्याटिङमा उत्रिएको पपुवा न्यूगिनीले ४७ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै दुई सय ४५ रनमा सीमित बन्यो।

जितसँगै नेपालले ३३ खेलमा ३४ अंक जोडेको छ। नेपाल अंक तालिकाको पाँचौ स्थानमा छ। समान ३३ खेल खेलको पपुवा न्यूगिनी ९ अंकका साथ अंक तालिकाको अन्तिम स्थानमा छ। नेपालका लागि ओपनर आशिफ शेख र कुशल भुर्तेलले पहिलो विकेटका लागि ११० रनको साझेदारी गरे। खेलमा आशिफ शेखले सर्वाधिक ११० रन बनाए। कुल ११० बल खेलेका उनले दुई छक्का र १२ चौका प्रहार गरे।

आशिफको यो पहिलो एक दिवसीय शतक हो। उनी एक दिवसीयमा खेलमा शतक प्रहार गर्ने नेपालका लागि पाँचौ खेलाडी बने। यसअघि राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्का, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी र कुशल भुर्तेलले शतक प्रहार गरिसकेका छन्। शतकसँगै आशिफले एक दिवसीय खेलमा एक हजार रनसमेत पूरा गरेका छन्। एक हजार रन पूरा गर्ने उनी नेपालका उनी दोस्रो खेलाडी बने। यसअघि नेपालका रोहित पौडेलले एक दिवसीयमा एक हजार रन पूरा गरेका थिए।

साथै नेपालका लागि ब्याटर कुशल भुर्तेलले ४५ रन, भिम सार्कीले ४४ रन, रोहित पौडेलले ३० रन बनाए। साथै आरिफ शेखले १५ रन, ज्ञानेन्द्र मल्लले ११ रन र दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछोनले सात र सोमपाल कामीले चार र कुशल मल्लले दुई रन बनाए। बलिङतर्फ पपुवा न्यूगिनीका सेमो कमिया पाँच विकेट लिए भने राइली हेकुरेले तीन विकेट लिए।

जवाफी ब्याटिङमा उत्रिएको पपुवा न्यूगिनीको सुरुवात राम्रो रह्यो। पहिलो विकेट ११ दशमलव दुई ओभरमा ७७ रनमा झरेको थियो। पपुवा न्यूगिनीका लागि नोर्मान भानुवाले सर्वाधिक ६० रन बनाए भने ओपनर टोनी उराले ५० रन बनाए। साथै असाद भालाले ४२, रिले हेकुरेले २० रनको योगदान गरे। नेपालको जितमा सन्दीप लामिछानेले चार विकेट लिए भने दीपेन्द्रसिंह ऐरीले दुई र कुशल मल्लले एक विकेट लिए। विभिन्न सात राष्ट्र सहभागी यस सिरिजमा नेपालले अब तीन खेल खेल्न बाँकी छ। पपुवा न्यूगिनीसँगको एक र युएईसँगको दुई खेलमा विजयी भए नेपालले शीर्ष तीनमा रहँदै विश्वकप छनोट खेल्न पाउनेछ।

लिगका सबै खेल खेलिसकेको स्कटल्यान्ड ५० अंकाका साथ शीर्ष स्थानमा छ भने ओमान ४४ अंकसहित दोस्रो स्थानमा छ। स्कटल्यान्ड र ओमानले जिम्बाब्बेमा आयोजना हुने विश्वकप छनोट खेल्ने पक्का भैसकेको छ। बाँकी एक स्थानका लागि नामिबिया, युएई र नेपाल प्रतिस्पर्धामा छन्। यी तीन टोलीमध्ये एक टोलीले विश्वकप छनोट खेल्न पाउनेछन्। नामिबिया ३६ खेलमा ३९ अंकका साथ तालिकाको तेस्रो स्थानमा छ भने अमेरिका ३६ खेलमा ३५ अंकसहित चौथो स्थानमा छ। कुल ३२ खेल खेलेको युएइ ३१ अंकका साथ छैटौ स्थानमा छ। नेपालले जारी शृङखलाको आफनो दोस्रो खेल यही फागुन २८ गते युएईसँग खेल्नेछ।


Karnali Province Government
Ministry of Physical Infrastructure, Energy and Water Resources
Infrastructure Development Directorate

**Infrastructure Development Office**

Simikot Humla

**INVITATION FOR ONLINE SEALED QUOTATION**

First Date of Publication: 2079/11/26 (10 March, 2023)

1. Infrastructure Development Office, Simikot Humla invites sealed quotations from registered fabricators for supply of fabricated steel parts for following Trail Bridge. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
2. Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum One steel truss motorable road bridge or one steel girder motorable road bridge or five trail bridges within last five years are eligible for the bidding. New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
3. For further information visit PPMO´s website **http://www.bolpatra.gov.np/egp.** or Infrastructure Development Office, Simikot Humla, Phone No. 087-680249 or Mob.No. 9851230365, email:idohumla@gmail.com or www.bolpatra.gov.np/egp.
4. Electronic bids must be submitted to the Infrastructure Development Office, Simikot, Humla electronically through PPMO website http://www.bolpatra.gov.np/egp on or before 12:00 hrs of 2079/12/13 "or" 27 March 2023. Bids received after this deadline will be rejected.
5. The bids will be opened electronically at 13:00 hours on 2079/12/13 "or" 27 March 2023 in the presence of the fabricator's representatives who choose to attend in Infrastructure Development Office, Simikot, Humla.
6. Information to deposit the cost of bidding document and bid security in bank is as follow respectively:
   a. Name of the Bank : Rastriya Banijya Bank Simkot Humla
   b. Revenue A/c Number : 10002000100006
   c. Name of Office : Infrastructure Development Office, Simikot, Humla
   d. Rajaswo Shirshak Number : 14229
   e. Security DepositA/c Number : 4190100202030000
   f. Office Code Number : 3370164016
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/ notification per taining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulations will be uploaded in E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp. and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correcte mail addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, what so ever.
9. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and others prevailing rules and regulations of Nepal.
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, what so ever.
11. The name and identification of the contract are as follows:

| S. N. | Description of Work (Fabrication Package) and Contract ID No: | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (Rs.) | Bid Validity/ Bid Security Validity Period | Bid Document Fee (Rs.) |
|---|---|---|---|---|---|
| 1. | Fabrication of steel parts and fixtures of Ghattekhola suspended Trial Bridge, Chankheli RM-03 and 04, Humla Contractl D No: IDO/HUMLA/G/SQ/BRG/ 01/2079-080 | 13,43,436.11 | 34,000.00 | 45 Days / 75 Days from Bid Openning Date | 1,000.00 |

Act. Office Chief

# आप्रवासी कानुन कडा बनाउँदै बेलायत

**लण्डन-** बेलायतका प्रधानमन्त्री ऋषि सुनकले देश प्रवेश गर्ने अवैध आप्रवासीहरूलाई चेतावनी दिँदै उनीहरूले शरणका लागि निवेदन दिन नसक्ने बताएका छन् । बेलायतले युरोपबाट आफ्नो सिमाना पार गर्ने आप्रवासीहरूको निरन्तर दबाब सामना गरिरहेको बेला प्रधानमन्त्री सुनकले आइतबार यस्तो कडा टिप्पणी गरेका हुन् ।

सुनकको सरकारले यस हप्ताको अन्त्यमा अवैध अध्यागमनलाई कडाइ गर्ने कानुनलाई अगाडि बढाउने अपेक्षा गरिएको फक्स न्युजले उल्लेख गरेको छ ।

'अवैध आप्रवासन बेलायती करदाताहरूका लागि उचित छैन, कानुनी रूपमा यहाँ आउनेहरूका लागि यो उचित छैन र अपराधी गिरोहहरूलाई उनीहरूको अनैतिक गतिविधि जारी राख्न दिनु उचित होइन । म अवैध आप्रवासीका डुंगाहरू रोक्ने मेरो वाचा पूरा गर्न कटिबद्ध छु,' उनले भने ।

बेलायतमा गैरकानुनी आप्रवासीहरूलाई सीमा पार गरेपछि त्यहाँ शरण लिनका लागि दाबी गर्न अनुमति दिने कानुन छ । सामान्यतया, आप्रवासीहरूलाई उनीहरूको मुद्दा चलिरहेको बेलामा बस्न अनुमति दिइन्छ तर नयाँ कानुनले त्यस्ता आप्रवासीहरूलाई शरण दाबी गर्नबाट रोक्ने बताइएको छ ।

लामो समयदेखि फ्रान्सबाट जोखिमपूर्ण बाटो भएर बेलायत पुग्ने शरणार्थीहरूको संख्या बढ्दै गएको पाइएको छ । *रासस/एएनआई*

# 'आधुनिक समाजवादी देश निर्माण गर्नु नै प्रमुख कार्यभार'

**बेइजिङ-** चीनका राष्ट्रपति सी चिनफिङले आधुनिक समाजवादी देश निर्माण गर्नु नै प्रमुख कार्य भएको बताएका छन् ।

चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्षसमेत रहेका सीले चीनको १४औं राष्ट्रिय जन कांग्रेसको पहिलो अधिवेशनमा जियाङसु प्रान्तका प्रतिनिधिमण्डलका सदस्यहरूसँग छलफलमा भाग लिँदै आइतबार उक्त टिप्पणी गरेका हुन् । *रासस/सिन्ह्वा*

# भियतनामको सबैभन्दा ठूलो व्यापार मेला अप्रिलमा

**हनोई-** 'भियतनाम एक्स्पो २०२३' अप्रिल ८ देखि १५ सम्म राजधानी हनोईमा आयोजना हुँदै छ । उक्त एक्सपोमा १५ देशका विभिन्न क्षेत्रका उत्पादनहरूको प्रदर्शनी हुने आयोजकले बताएका छन् ।

सन् १९९१ देखि वार्षिकरूपमा आयोजना हुँदै आएको भियतनाम एक्स्पो भियतनामी व्यवसायहरूका लागि आफ्ना उत्पादनहरूको प्रचारप्रसारका लागि उपयुक्त मञ्च हुने विश्वास गरिएको छ । यस वर्षको प्रदर्शनीमा १५ देशका विभिन्न ५०० भन्दा बढी कर्पोरेसनहरूको सहभागिता रहने आयोजक भिनेक्सड कम्पनीले जनाएको छ ।

कार्यक्रमले इलेक्ट्रोनिक्स, मेसिनरी, उपकरण र सहयोगी उद्योगहरू, डिजिटल प्रविधि, र ई-कमर्सलगायतका विभिन्न उद्योगहरूलाई समेट्नेछ । आयोजकका अनुसार प्रदर्शनीको मुख्यतया चीन, कम्बोडिया, इन्डोनेसिया र दक्षिण कोरियालगायत देशका उत्कृष्ट उत्पादन र सेवाहरू प्रदर्शन गर्ने अन्तर्राष्ट्रिय मञ्च समावेश छन् । *रासस/सिन्ह्वा*

# दक्षिण कोरियाको विदेशी मुद्रा सञ्चिति घट्यो

**सोल-** दक्षिण कोरियाको विदेशी मुद्रा सञ्चितिमा फेब्रुअरीमा चार महिनायता पहिलोपटक गिरावट आएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ ।

बैंक अफ कोरियाका अनुसार फेब्रुअरीको अन्त्यमा विदेशी मुद्रा सञ्चिति ४२५.२९ अर्ब अमेरिकी डलर रहेको छ जुन अघिल्लो महिनाको तुलनामा ४.६८ अर्ब डलरले कम हो ।

यो सँगै बलियो डलरले गैरडलर सम्पत्तिहरूको रूपान्तरण मूल्य घटाएको छ । देशको विदेशी सञ्चितिमा ३७४ अर्ब ४९ करोड डलर धितोपत्र, २६ अर्ब ७५ करोड निक्षेप, १४ अर्ब ८० करोड डलर विशेष निकासी अधिकार, चार अर्ब ७९ करोड डलर सुन र चार अर्ब ४४ करोड डलर आइएमएफ (अन्तर्राष्ट्रिय मुद्रा कोष) रहेको छ ।

जनवरीको अन्त्यमा दक्षिण कोरिया विश्वको नवौं ठूलो विदेशी मुद्राको भण्डार भएको थियो । *रासस/सिन्ह्वा*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०५०/११/०८ मा दर्ता भएको प्रा.लि.नं. १९०२५ को **इन्डष्ट्रियल केमिकल्स म्यानिफ्याक्चरिङ एण्ड प्रोसेसिङ इन्डष्ट्रिज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०५७/०६/०४ मा दर्ता भएको **नेपाल सल्फोनेटर्स** (प्रा.लि.नं. १३९५३) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PETALS TRADING

पूर्व स्वीकृति मिति : २०७९/११/२५ | LT. No.282354 | चलानी नं. ६०१९७८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 2500 | ९०,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 2100 | ७५,७१० | | | | | | | |
| 3 | Executive Sales | 0 | 1 | 2100 | ७५,७१० | | | | | | | |
| 4 | Flower Maker | 1 | 0 | 2000 | ७२,१०५ | | | | | | | |
| 5 | Flower Maker | 1 | 0 | 1200 | ४३,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242
E-mail :info@dninepal.com,Website:www.dninepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DODO DECORATION DESIGN LLC

पूर्व स्वीकृति मिति २०७९/११/२५ | LT. No. 282094 | चलानी नं. ६०१९७७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 9 | 0 | 1200 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOR SAVE MART MARKT CENTRAL COMPANY

पूर्व स्वीकृति मिति २०७८/११/१२ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/२५ | LT. No. 258627 | चलानी नं. ६०१७५०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clothes Seller | 0 | 10 | 135 | ५७,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food And Consumer Items | 0 | 19 | 135 | ५७,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**FOUR STAR OVERSEAS EMPLOYMENT SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. ४२०/०६०/६१
Samakhusi-29 Kathmandu, Nepal.
Tel: 01-4986653, 4986396 ,9851017238, 9851039202
Email: 4starover09@gmail.com, Website: www.4staroverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUGHAL MAHAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति २०७९/०४/०८ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/२५ | LT. No. 267774 | चलानी नं. ६०१८३६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 6 | 0 | 155 | ६६,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 135 | ५७,६५० | | | | | | | |
| 3 | Helper | 20 | 2 | 105 | ४४,८४० | | | | | | | |
| 4 | Hostess | 0 | 5 | 135 | ५७,६५० | | | | | | | |
| 5 | Waiter | 5 | 3 | 130 | ५५,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ३ गते (17th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lions International Nepal Pvt. Ltd.** Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4444333/4444642/4412587
Email ID: lions.manpower@gmail.com, lions@mail.com


# Thabang Rural Municipality

## Office of the Rural Municipal Executive

**Thabang, Rolpa**

## Bid Addendum Notice

**Date of publication: 02-02- 2023 ( 2079/10/19 )**
**Date of publication After Addendum : 10-03- 2023 ( 2079/11/26 )**

1. Thabang Rural Municipality invites electronic bids from Registered Nepalese eligible bidders for the following work .

| SN | Contract no. | Description and location of work | Estimated Amount (Excluding VAT , Contingencies & O/M Cost ) NRs | Bid Security Amount NRS | Price of Bid Document. NRs |
|---|---|---|---|---|---|
| 1 | TRM-ROLPA/W/NCB/17/ 2079/080 | Construction of Jaya Ranagaun Lifting Water Supply Project , Thabang 03 , Rolpa | 74,23,523.29 | 2,30,000 | 3,000 |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cos t (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang, Rolpa
   Rajaswa Account no.: U604010000009
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before 12.00 on 16/03/ 2023. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hour on 16/03/2023 at the office of Thabang Rural Municipality Thabang Rolpa.
6. Bids must be valid for a period of 90 days and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang,
   Deposit Account no.: U604010000003
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with PublicProcurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**
**Thabang Rural Municipality**

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०१००० | प्रति तोला – १००५०० | प्रति तोला – १२२० |



**तरकारी सिँचाइ** | सुर्खेतको वीरेन्द्रनगर–३ मसुरीखेतमा रहेको अनुष्का कृषि तथा पशुपन्छी फार्मको टनेलमा लगाइएको तरकारी खेतीमा सिँचाइ गर्दै कृषक ।

*तस्बिरः सुरेश आचार्य/रासस*

# बिजुली खेर गए ठेकेदारबाटै असुल्ने प्राधिकरणको चेतावनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले निर्माणाधीन बाह्रबिसे सवस्टेसन निर्माण सम्पन्न नभइ मध्यभोटेकोसीको विद्युत् खेर जाने अवस्था आएमा मध्यभोटेकोसी जलविद्युत् आयोजनाको विद्युत् बिक्रीबाट दैनिक रूपमा प्राप्त गर्ने आम्दानी ठेकेदारबाट असुलउपर गर्ने चेतावनी दिएको छ ।

कूल एक सय दुई मेगावाट क्षमताको उक्त आयोजना निर्माणको अन्तिम चरणमा छ । आयोजना सम्पन्न भएर सवस्टेशनका अभावमा बिजुली खेर गएको अवस्थामा निर्माण व्यवसायीबाट असुलउपर गर्ने चेतावनी प्राधिकरणले दिएको हो ।

प्राधिकरणले तामाकोसी–काठमाडौं २२०/४०० केभी प्रसारण लाइन आयोजनाको निर्माण आगामी असारभित्रमा सम्पन्न गर्न ठेकेदारलाई समयसीमा दिएको छ । आयोजनाअन्तर्गत रामेछापस्थित नयाँ खिम्ती सवस्टेसनबाट सिन्धुपाल्चोकको बाह्रबिसेसम्म ४४ किलोमिटर र बाह्रबिसेबाट काठमाडौंको लप्सीफेदीसम्मको ४६ किलोमिटर ४०० केभी डबल सर्किट तथा लप्सीफेदीबाट भक्तपुरको चाँगुनारायणसम्मको १४ किलोमिटर १३२ केभी प्रसारण लाइन र बाह्रबिसेमा २२०/१३२/११ केभी सबस्टेसन निर्माणाधीन छन् । साथै, लप्सीफेदीमा ४००/२२०/१३२/११, बाह्रबिसेमा ४०० केभी र नयाँ खिम्तीमा ४०० केभी सवस्टेसन निर्माण भइरहेको छ ।

तामाकोसी तथा सुनकोसी र त्यसका सहायक खोलानालाको जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं उपत्यकामा ल्याउन तथा राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न तामाकोसी-काठमाडौं प्रसारण लाइन र सवस्टेसन निर्माण सुरु गरिएको हो ।



नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधानसहितको उच्चस्तरीय टोलीले आयोजना अन्तर्गत बाह्रबिसे सवस्टेसनको बुधबार अनुगमन भ्रमण गरी महत्वपूर्ण प्रसारण लाइन र सवस्टेसनको निर्माण असारभित्रमा सम्पन्न गर्न निर्देशन दिएको छ ।

निर्माणमा देखिएको अवरोध हटाउन आफ्नो तर्फबाट पनि सहजीकरण तथा समन्वय गर्ने प्रतिबद्धता जनाउँदै टोलीले नयाँ खिम्ती-बाह्रबिसे, बाह्रबिसे-काठमाडौं र बाह्रबिसे सबस्टेसनको निर्माण असारभित्र सम्पन्न गर्न निर्देशन दिएको हो । टोलीले प्रसारण लाइन र सवस्टेसन निर्माण जिम्मा पाएका ठेकेदार, आयोजना व्यवस्थापनसँग निर्माणमा हालसम्म भइरहेको प्रगति, सम्पन्न हुने तालिका, बेहोरिरहेको समस्या तथा समाधानका उपायहरूलगायतका विषयमा विस्तृत रूपमा छलफल गरेको थियो ।

रुख कटान आदेश, जग्गा प्राप्ति, प्रसारण लाइनको मार्गाधिकारमा स्थानीय बासिन्दाको अवरोधलगायतका कारणले प्रसारण लाइन निर्माण प्रभावित हुँदै आएको छ । बाह्रबिसे सवस्टेसन निर्माणको ठेक्का पाएको चिनियाँ कम्पनी ग्वाङसी ट्रान्समिसन एण्ड सवस्टेसन कन्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्सको उपक्रमको काम सन्तोषजक नदेखिएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले उल्लेख गरे ।

चिलिमे जलविद्युत कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माणाधीन एक सय दुई मेगावाटको मध्य भोटेकोसी जलविद्युत् आयोजनाको विद्युत् बाह्रबिसे सवस्टेसनमा जोडिने छ । मध्यभोटेकोसीको निर्माण आगामी असारभित्रमा सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ ।

कार्यकारी निर्देशक घिसिङले असारभित्रमा सवस्टेसनको निर्माण नभएर मध्यभोटेकासीको विद्युत् जोड्न नसकिने अवस्था आएमा त्यसको क्षतिपूर्ति भराइने ठेकेदारलाई चेतावनी दिए । 'मध्यभोटेकोसीले सबस्टेसनसम्मको प्रसारण लाइनका टावर निर्माण गरिसकेको छ, सवस्टेसन निर्माण सम्पन्न भएन भने विद्युत् कसरी प्रवाह गर्ने ? यस्तो महत्वपूर्ण सवस्टेसन निर्माणमा ढिलाइ गर्ने ?', घिसिङले ठेकेदारलाई निर्देशन दिँदै भने ।

प्राधिकरणले मध्यभोटेसीको विद्युत् प्रवाहका लागि अस्थायी वैकल्पिक व्यवस्था गरेको छ । तर, त्यसका लागि पनि बाह्रबिसे सवस्टेसन निर्माण अनिवार्य छ । मध्यभोटेकोसीको विद्युत् २२० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सवस्टेसनमा जोडिने छ ।

कूल २२० केभी प्रसारण लाइनबाट आएको विद्युत्लाई बाह्रबिसे सवस्टेसनमार्फत १३२ केभीमा झारिने छ । त्यसपछि २२ मेगावाटको माथिल्लो चाकु 'ए' जलविद्युत् आयोजनाले निर्माण गरेको १३२ केभि प्रसारण लाइनमार्फत लामोसाँघु सवस्टेसनमा जोड्ने गरी वैकल्पिक व्यवस्था गरिएको छ । माथिल्लो चाकु 'ए' जलविद्युत् आयोजनाले अहिले बाह्रबिसे बजारबाट बाह्रबिसे सवस्टेसनसम्मको करिब चार किलोमिटर प्रसारण लाइन निर्माण गर्न सर्वेक्षण सम्पन्न गरेको छ । आयोजनाले यो लाइन निर्माण गर्न बढीमा चार महिना लाग्ने बताएको छ । यो लाइन बनेपछि अहिले लामासाँघु सवस्टेसनमा जोडिएको आयोजना बाह्रबिसे सवस्टेसनका जोडिने छ ।

कार्यकारी निर्देशक घिसिङले बाह्रबिसे सवस्टेसन र नयाँ खिम्ती-बाह्रबिसे सवस्टेसन निर्माण सम्पन्न भएपछि मध्यभोटेकासीको विद्युत् खिम्तीतर्फ प्रवाह गर्न सकिने जानकारी दिए । बाह्रबिसे सवस्टेसनमा २२०/१३२ केभी, १६० एमभीए र १३२/११ केभी, पाँच एमभीएका पावर ट्रान्सफर्मर रहने छन् । घिसिङले बाह्रबिसे बजारबाट सवस्टेसनसम्म जाने करिब साढे चार किलोमिटर सडकको मर्मत तत्काल गरी वर्षा सुरु हुनुभन्दा अघिनै निर्माणस्थलमा उपकरण तथा निर्माण सामग्री ढुवानीको व्यवस्था गर्न निर्देशन दिए ।

# भैरहवामा जजिराको उडान सुरु

■ प्रभाव संवाददाता

**भैरहवा–** खराब मौसमको कारण देखाउँदै भैरहवा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि बन्द भएको जजिरा एयरवेजको उडान बिहीबारदेखि पुनः सुरु भएको छ ।

विमानस्थलका प्रवक्ता सुभाष झाका अनुसार कुवेतबाट बिहीबार बिहान सवा ७ बजे ६६ जना यात्रु लिएर आएको जजिराको विमान सवा ८ बजे ९३ जना यात्रु लिएर उडेको हो । जजिराले अब मङ्गलबार, बिहीबार र शनिबार गरी हप्तामा तीन दिन नियमित उडान गर्ने झाले बताए ।

गत जेठ २ गते विमानस्थल उद्घाटनसँगै सोही दिनदेखि उडान सुरु गरेको जजिराले मौसमको कारण देखाउँदै पुस ६ गतेदेखि उडान रोकेको थियो । यसअघि जजिराले उडान सुरु गर्ने विभिन्न मिति तोके पनि उडान भएको थिएन ।

भैरहवा विमानस्थलबाट एउटा एयरलाइन्सको हप्तामा तीनवटा मात्र उडानले विमानस्थल दिगोरूपमा सञ्चालन हुन नसक्ने भन्दै व्यवसायीले अन्य एयरलाइन्सलाई आकर्षित गर्न नेपाल एयरलाइन्सले पनि उडान गर्नुपर्ने माग गरेका छन् ।

बन्द भएको जजिरा एयरलाइन्सको उडानले यो क्षेत्र उत्साहित भए पनि यो पर्याप्त नरहेको सोसाइटी फर नेपाल टुर्स एण्ड ट्राभल्स अपरेटरका लुम्बिनी प्रदेश अध्यक्ष सञ्जय बजिमयको भनाइ छ । उनले जजिराले श्रमिकलाई मात्र लक्षित गरी उडान गरेकाले यहाँ पर्यटक लक्षित विमान उडान हुन आवश्यक रहेको बताए । 'गुणस्तरीय पर्यटकका लागि नेपालकै ध्वजावाहकसँगै हिमालय, बुद्ध एयरलगायतले पनि यहाँबाट अन्तर्राष्ट्रिय उडान गर्नुपर्छ', बजिमयले भने, 'नेपाल-भारत, नेपाल-चीनलगायत अन्य बौद्ध धर्मावलम्बी देशहरूमा भैरहवाबाट उडान भरेमात्र विमानस्थलले सार्थकता पाउँछ ।'

करिब रु ३५ अर्बको लागतमा निर्माण भएको विमानस्थलको २०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए । त्यसपछि अन्तर्राष्ट्रिय उडानका रूपमा जजिराले कुवेत-भैरहवा-कुवेत उडान सुरु गरेको थियो । सुरुमा उत्साहित जजिराले उडानको केही समयमा नै दैनिक उडान गरिरहेको थियो । तर त्यसको केही समयपछि विभिन्न बहाना बनाउँदै उसले पुनः सातामा तीन उडान गर्दै अन्ततः उडान नै बन्द गरेको थियो ।

अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशीको एयरलाइन्सले उडान भर्दा पनि खुसी हुनुपर्ने अवस्था नरहेको निजी क्षेत्रको भनाइ छ । सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष भीष्म न्यौपानेले यहाँबाट नेपालको राष्ट्रिय ध्वजावाहक विमान र हिमालय एयरलाइन्सले उडान नगरेसम्म विदेशी विमानको भर पर्न नसकिने बताए । 'विदेशी एयरलाइन्सले एकपटक सुरु गरेर बीचमा रोकेर फेरि सञ्चालन गरिदिएको भन्दै खुसी हुनु हाम्रो दुर्भाग्य हो', न्यौपानेले भने, 'नेपाल सरकार कहाँ छ ? यसका सम्बद्ध निकाय कहाँ छन् ?, राजनीतिक संयन्त्र कहाँ छ ? यस विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।'

करिब आठ सय बिघामा फैलिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा तीन किलोमिटरको रनवे रहेको छ । फोर इ-क्याटेगरीको विमानस्थलमा नवौं क्याटेगरीको दमकल रहेका छन् । त्रिभुवन अन्तर ार्ष्ट्रिय विमानस्थल सरहको उडान र अवतरण हुनसक्ने यहाँ चारवटा न्यारोबडी र एक वाइडबडी गरी पाँचवटासम्म अन्तर्राष्ट्रिय जहाज पार्किङ गर्न सकिन्छ ।

# सिएसआरअन्तर्गत लगानी कोषको ७ लाख ५० हजार सहयोग



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषले ३३औं वार्षिकोत्स्वको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत ४ वटा संस्थालाई ७ लाख ५० हजार रूपैयाँ प्रदान गरेको छ ।

ति संस्थाहरूलाई बिहीबार कोषका कार्यकारी निर्देशक रमण नेपालले चेक हस्तान्तरण गरेका हुन् । सो अवसरमा कोषले सशस्त्र प्रहरी बल, नेपाल खेलकुद तथा शारीरिक सुगठन शिक्षालयलाई ए डिभिजन डबल लिग खेल्न आवश्यक पर्ने खेलकुदलगायतका सामाग्री खरिद गर्न १ लाख ५० हजार रूपैंयाको चेक प्रदान गऱ्यो ।

त्यसैगरी स्वास्थ्य क्षेत्र तर्फ अशक्त, अपांग भएका मस्कुलर डिस्ट्रोफीका विरामीहरूको पुर्नस्थापनको लागि फिजियोथेरापी, एम्बुलेन्स र एकिकृत स्वस्थ्य शिविर संचालनमा सहयोग पुऱ्याउने उद्देश्यले मस्कुलर डिस्ट्रोफी फाउण्डेशन-नेपाल, शंखरापुर काठमाडौंलाई २ लाख रूपैंयाको चेक हस्तान्तरण गरिएको छ ।

त्यसैगरी कोषले उपत्यका बाहिर फरक क्षमता भएका बालबालिकाहरूलाई खेलकुदको माध्यमबाट उत्साहित गर्न अपांगता भएका व्यक्तिहरूको लागि काम गर्दै आएको राप्ती बहिरा संघ दाङलाई समावेशी खेलकुद सम्वन्धी कार्यको लागि २ लाख रूपैंयाको चेक प्रदान गरेको छ । यो भन्दा अघि कोषले कमजोर आर्थिक अवस्था भएका बालबालिकालाई अध्यापन गराईरहेको पदमपुर आधारभुत बिद्यालय ढेढौली, चितवनलाई २ लाख रूपैयाँको चेक हस्तान्तरण गरेको थियो । चेक हस्तान्तरण कार्यक्रममा कोषका कार्यकारी निर्देशक नेपालले कोषले विगत देखी नै सामाजिक उत्तरदायित्व अन्तर्गत काम गर्दै आइरहेको र आगमी दिनमा पनि यस्तो कार्यलाई निरन्तरता दिने बताए ।

# चैतदेखि ब्याजदर घटाउँदै बैंक

**काठमाडौं (प्रस)–** वाणिज्य बैंकहरूले आगामी चैतमा ब्याजदरमा सामान्य परिवर्तन गर्दै घटाउने भएका छन् । वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको छाता संगठन नेपाल बैंकर्स सङ्घको बिहीबार बसेको बैठकले आगामी चैतमा कर्जा र निक्षेपको ब्याजदर घटाउने निर्णय गरेको हो । आगामी चैत १ गतेदेखि निक्षेपमा शुन्य दशमलव चार प्रतिशत र कर्जामा एक प्रतिशत प्रिमियम दर घटाउने निर्णय भएको सङ्घका अध्यक्ष सुनिल केसीले जानकारी दिए । उनले आफूहरू ऋणको ब्याजदर क्रमशः घटाउनमा केन्द्रित भएको बताए ।

हाल बैंकहरूले आधारदरमा छ प्रतिशतसम्म प्रिमियम लिने गरेका थिए । अब १ प्रतिशत घटेपछि आधारदरमा ५ प्रतिशतसम्म प्रिमियम दर तोक्नेछन् ।

यस्तै, निक्षेपतर्फको साधारण बचतमा न्यूनतम छ प्रतिशतदेखि अधिकतम आठ प्रतिशतसम्म ब्याज दिनेछन् । यसअघि साधारण बचतमा न्यूनतम छ दशमलव ४२ प्रतिशतदेखि अधिकतम आठ दशमलव ४२ प्रतिशतसम्म ब्याजदर तोकिएको थियो ।

मुद्दति निक्षेपको ब्याजदर भने स्थीर राखिएको छ । हाल बैंकहरूले मुद्दती निक्षेपमा ११ प्रतिशत ब्याज दिइरहेका छन् । यस्तैगरी, संस्थागततर्फ नौ प्रतिशत र रेमिट्यान्स मुद्दति खातामा १२ प्रतिशत ब्याजदर तोकिएको छ । उद्योगी व्यवसायी तथा निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घ संस्थाले तत्काल बैंक तथा वित्तीय संस्थाको ब्याज घटाउनुपर्ने माग गर्दै आएका छन् । चौतर्फी दबाब बढेपछि बैंकर्स सङ्घले सामान्य अंकले मात्रै ब्याजदर घटाउने निर्णय गरेका हुन् ।


# नेप्सेमा उच्च अंकको वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार उच्च अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५० दशमलव शून्य चार अंकले बढेर दुई हजार दुई दशमलव ७० अंकमा पुगेको छ । यस्तै, ठूला कम्पनीको सेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलव २७ अंकले बढेर तीन सय ७९ दशमलव ५० मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहको सेयर मूल्यमा नै वृद्धि भएको छ ।

विभिन्न कम्पनीका ४५ लाख ६६ हजार ४३ कित्ता सेयर रू एक अर्ब ५६ करोड ५५ लाख ५८ हजार आठ सय दुई मूल्यमा खरिद बिक्री भएका छन् । कारोबारपछि बजार पुँजीकरण रु २९ खर्ब एक अर्ब ३१ करोड ७२ लाख ३८ हजार दुई सय २२ पुगेको छ ।

कारोबार रकमका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । कम्पनीको रु सात करोड ८५ लाख ८८ हजार तीन सय १७ बराबरको कारोबार भयो । हिमालयन डिस्टिलरी रु पाँच करोड ७३ लाख १७ हजार दुई सय ७१, अरुण काबेली पावर रु चार करोड ७६ लाख ४६ हजार छ सय ८८,नवील बैंक रु तीन करोड ५७ लाख ८५ हजार दुई सय सात र शिव श्री हाइड्रोपावरका




लगानीकर्ताले रु तीन करोड ४० लाख ६६ हजार चार सय ९९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र परेका छन् । नेप्सेका अनुसार शुभम पावर नौ दशमलव ९८, नेपाल इन्स्योरेन्स कम्पनी नौ दशमलव ४४, शिव श्री हाइड्रोपावर आठ दशमलव ५२, अभियान लघुवित्त सात दशमलव ५९ र जोशी हाइड्रोपावरको सेयर मूल्य सात दशमलव ४३ प्रतिशतले बढेको छ ।

त्यस्तै, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ पाँच दशमलव ८१, प्राइम बैंकको ऋणपत्र एक दशमलव ९९, सिटिजन म्युचुअल फण्ड पहिलो एक दशमलव ८७, सिटिजन म्युचुअल फण्ड दोस्रो एक दशमलव ७९ र लक्ष्मी उन्नती कोषको मूल्य एक दशमलव ७५ प्रतिशतले घटेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ